# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०४।२८ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी रामकाजी लामासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी रामकाजी लामासमेत रहेको राजस्व चुहावट गरी भ्रष्टाचार गरेको सम्बन्धि मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।२८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | रामकाजी लामा, पुरुषोत्तम खत्री, खेमप्रसाद नेपाल, रामशरण रिमालको (विशेष अदालतको मुद्दा नं. ०७६-CR-०३९५फैसला मिति २०८०।०९।२३) | राजश्व चुहावट समेत गरी भ्रष्टाचार गरेको। | प्रतिवादी प्रहरी निरीक्षक खेम प्रसाद नेपालले मिति २०७६/०९/११ गते सीमा प्रहरी चौकी टिमुरेका प्रहरी हवल्दार रामशरण रिमालले ना६ख ४९३२ नम्वरको कन्टेनरमा सवार यात्रुबाट ४२२ ग्राम सुन कब्जा गरेको कुरा जानकारी हुँदाहुँदै पनि निज प्रहरी हवल्दार रामशरण रिमाललाई उक्त सुन सहित आवश्यक कार्वाही गर्नु पर्नेमा निजलाई कार्यालयबाट बिना कारण आउट/बिदा छोडी निजसँगै पटक-पटक सम्पर्कमा रहेको देखिएको हुँदा निज खेम प्रसाद नेपालले उक्त दिन रामशरण रिमालले कब्जामा लिएको ४२२ ग्राम सुनमा समेत मिलोमतो गरेको स्पष्ट देखिन आएको हुँदा निज प्रतिवादी खेम प्रसाद नेपालले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) को कसूर भएको सप्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी खेम प्रसाद नेपाललाई उक्त ४२२ ग्राम सुनको प्रचलित दररेट बमोजिम हुन आउने विगो रु.२६,५२०५९।- (छव्वीस लाख बाउन्न हजार उनान्साठ्ठी) कायम गरी उक्त दफा ७ मा उल्लेख भए बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ को देहाय (छ) बमोजिम कैद सजाय गरी ऐ. ऐनकै दफा ७ बमोजिम बिगोको दोब्बर जरिवाना गरी ऐ. ऐनकै दफा ३ को उपदफा (१) बमोजिम बिगो असुल उपर गरी जफत गरी पाउन मागदावी लिईएको, अर्का प्रतिवादी सीमा प्रहरी चौकी टिमुरेका प्रहरी हवल्दार रामशरण रिमालले मिति २०७६/०९/११ गते पुरुषोत्तम खत्रीको सुचनाको आधारमा केरुङ्ग नाकाबाट टिमुरेतर्फ आउँदै गरेको ना६ख ४९३२ नम्वरको कन्टेनर कार्यालयभित्र ल्याई सो गाडीमा सवार व्यक्तिबाट ४२२ ग्राम सुन कब्जामा लिएर कानूनी कार्वाही अगाडि नबढाई लिए खाएको स-प्रमाण पुष्टि हुन आएको हुँदा निज प्रतिवादी रामशरण रिमालले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) बमोजिमको कसूर भएको स-प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी रामशरण रिमाललाई उक्त ४२२ ग्राम सुनको प्रचलित दररेट बमोजिम हुन आउने विगो रु. रु.२६,५२०५९।- (छव्वीस लाख बाउन्न हजार उनान्साठ्ठी) कायम गरी उक्त दफा ७ मा उल्लेख भए बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ को देहाय (छ) बमोजिम कैद सजाय गरी ऐ. ऐनकै दफा ७ बमोजिम बिगोको दोब्बर जरिवाना गरी | विशेष अदालतको फैसलाः-<br>प्रतिवादीहरुले सफाइ पाउने।<br>विशेष अदालतले प्रतिवादीहरुलाई सफाइ दिंदा लिएका आधारहरुः-<br>(क) प्रतिवादीहरुले अवैध सुन बरामद गरी सम्बन्धित निकायमा नबुझाई आपसमा बाँडफाँड गरी लिएको भनिएको सुन बरामद भएको नदेखिएको।<br>(ख) प्रतिवादीहरुले आरोपित कसूरमा इन्कार रही वयान गरेको।<br>(ग) मौकामा कागज गर्ने व्यक्तिहरुलाई अभियोजक पक्षले बकपत्रको लागि अदालतमा उपस्थित गराउन नसकेको। | (क) विशेष अदालतबाट प्रतिवादीले सम्बन्धित निकायमा नबुझाई आपसमा बाँडफाँड गरी लिएको भनिएको सुन बरामद नभएको भन्ने मुख्य आधार लिई प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको देखिन्छ। मिति २०७६/९/११ गते जिल्ला प्रशासन कार्यालय रसुवामा फुर्वा तामाङले दिएको निवेदनमा म केरुङबाट गाडी चलाएर आउने क्रममा नेपाल तर्फ आउँदा प्रहरीले माथिबाट सुराकी आएको छ गाडी चेक गर्नु पर्यो भनी २/३ जना प्रहरीले मेरो ना ६ख ४९३२ नं गाडीको खानतलासी गरी गाडीबाट ४२२ ग्राम सुन निकाली राजश्वमा नबुझाई आफैले राखेको भनी निवेदन दिएको पाइन्छ। सो सम्बन्धमा प्रहरी वरिष्ठ उपरिक्षक किशोर कुमार दहाल समेतको टोलीले छानविन गरी यी प्रतिवादीहरु समेत उपर कारवाही गर्नु पर्ने भनी वाग्मती प्रदेश प्रहरी कार्यालय हेटौडामा पेश गरेको प्रतिवेदनबाट देखिन्छ। अनुसन्धानको क्रममा वयान गर्ने वुनिमा भन्ने निमा तामाङ, तेम्बा गयाल्पो घले, राजन तामाङ र राजु तितुङ समेतले प्रतिवादीहरुको कसूरमा संलग्नता खुलाई कागज गरिएको अवस्थामा प्रतिवादीहरुको मिलेमतोमा गैर कानूनी रुपमा सुन बरामद गरी लिई खाइ मासेको पुष्टि भइरहेको अवस्थामा सुन बरामद नभएको भनी कसूरदारलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>(ख) प्रतिवादीहरुले कसूरमा इन्कार भएको भनी प्रतिवादीलाई सफाई दिने गरी भएको अर्को निर्णयधार तर्फ हेरी प्रतिवादी खेम प्रसाद नेपाल (खानतलासी गर्ने कार्यालयमा प्रमुख) ले नै अदालतमा वयान गर्दा मिति २०७६/९/११ गते आफ्नो कार्यालय परिषदमा गाडी चेकजाँच गरेको कुरा स्वीकार गरेको पाइन्छ। अनुसन्धानको क्रममा प्रतिवादी रामशरण रिमाल र खेमप्रसाद नेपालले कसूरमा संलग्नता सम्बन्धमा इन्कार रही गरेको वयानमा Dictation Indicated भन्ने निषकर्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ऐ. ऐनकै दफा ३ को उपदफा (१) बमोजिम बिगो असुल उपर गरी जफत गरी पाउन मागदावी लिईएको, अर्का प्रतिवादी प्रहरी हवल्दार रामकाजी लामाले मिति २०७६/०९/११ गते रामशरण रिमालले ४२२ ग्राम सुन लिएको सम्बन्धमा रामशरण रिमालबाटै जानकारी प्राप्त गरेपश्चात पनि कहीं कतै रिपोर्ट समेत नगरी उक्त सुन लुकाउनमा रामशरण रिमाललाई मद्दत गरेको देखिएको हुँदा निज प्रतिवादी रामकाजी लामाले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) बमोजिमको कसूर भएको स-प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी रामकाजी लामालाई उक्त ४२२ ग्राम सुनको प्रचलित दररेट बमोजिम हुन आउने विगो रु.२६,५२०५९।- (छब्वीस लाख बाउन्न हजार उनान्साठ्ठी) कायम गरी उक्त दफा ७ मा उल्लेख भए बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ को देहाय (छ) बमोजिम कैद सजाय गरी ऐ. ऐनकै दफा ७ बमोजिम बिगोको दोब्बर जरिवाना गरी ऐ. ऐनकै दफा ३ को उपदफा (१) बमोजिम बिगो असुल उपर गरी जफत गरी पाउन मागदावी लिईएको र अर्का प्रतिवादी प्रहरी हवल्दार पुरुषोत्तम खत्रीको हकमा निजकै सूचनाको आधारमा रामशरण रिमालले सो कन्टेनरबाट ४२२ ग्राम सुन लिई लुकाएको देखिएको र उक्त सुन निज रामशरण रिमालले लुकाई सकेपश्चात पनि निज रामशरण रिमाल र पुरुषोत्तम खत्रीबिच पटक-पटक सम्पर्क भएको हुँदा सो सुन रामशरण रिमालले लिएको सम्बन्धमा निज पुरुषोत्तम खत्रीलाई जानकारी हुँदाहुँदै सो सुन लुकाउन सहयोग गरेको देखिन आई निज प्रतिवादी पुरुषोत्तम खत्रीले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) बमोजिमको कसूर भएको सप्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादी पुरुषोत्तम खत्रीलाई उक्त ४२२ ग्राम सुनको प्रचलित दररेट बमोजिम हुन आउने विगो रु.२६,५२०५९।- (छब्वीस लाख बाउन्न हजार उनान्साठ्ठी) कायम गरी उक्त दफा ७ मा उल्लेख भए बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा १ को देहाय (छ) बमोजिम कैद सजाय गरी ऐ. ऐनकै दफा ७ बमोजिम बिगोको दोब्बर जरिवाना गरी ऐ. ऐनकै दफा ३ को उपदफा (१) बमोजिम बिगो असुल उपर गरी जफत गरी पाउन मागदावी लिईएको, त्यस्तै अनुसन्धानको क्रममा खुल्न आएका जिल्ला रसुवा टिमुरे बस्ने बुनिमा भन्ने निमा तामाङ्ग र धुन्चे बस्ने तेम्पा ग्याल्पो घलेले मिति २०७६/०९/११ गते प्रहरी हवल्दार रामशरण रिमालले लिएको ४२२ ग्राम सुनबाट ५ लाख | | निकालिएको समेत आधारमा प्रतिवादीहरुको इन्कारी वयान झुट्टा भएको पुष्टि हुन आउँछ। अनुसन्धानको क्रममा प्रतिवादी रामशरण रिमालले प्रयोग गर्ने मोवाइल नं. ९८४९२४३४०७ मा अर्का प्रतिवादी पुरुषोत्तम खत्रीले SMS मार्फत "४९३२ नम्बरको डिब्बा आउदैछ त्यसलाई भित्र हाल्नु पर्ला भनी वारदातको दिन विहान ८:४२ बजे SMS गरेको देखिएबाट समेत उक्त गाडि प्रहरी कार्यालयमा ल्याइ चेकजाँच गरेको पुष्टि भइरहेको अवस्थामा प्रतिवादीहरुले आफु कसूरबाट बच्न इन्कारी वयान गरेकै आधारमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>(ग) मौकामा कागज गर्ने निमा तामाङ, राजन तामाङ, राजु तितुङ, तेम्बा म्याल्यो घले समेतले अनुसन्धानमा वयान गर्दा प्रतिवादीहरुको कसूरमा संलग्नता पुष्टि हुने गरी लेखाइ दिएको अवस्था छ। यी साक्षीहरुको अनुसन्धानको वयानलाई अनुसन्धानको क्रममा संकलित कल डिटेक्स, पोलिग्राफ रिपोर्ट समेतमा प्रमाणहरुले पुष्टि गरिएको अवस्थामा अदालतमा वादी पक्षका साक्षी उपस्थित नभएको भन्ने आधारमा मात्र प्रतिवादीहरुलाई सफाई दिन नमिल्ने। विविध परिस्थितिको कारण अहिलेको व्यस्त जमानामा तोकिएको समयमा साक्षी अदालतमा आइ बकपत्र गर्न नसक्नु स्वाभाविकै हुन जान्छ। कुनै साक्षीले अदालतमा आएर बकपत्र नगरेकै आधारमा प्रतिवादीलाई सफाई दिने हो भने न्यायको मकसद पुरा नहुने र दण्डहीनताले प्रसय पाउने हुँदा अन्य मिसिल संलग्न प्रमाणको मुल्याङ्कन गरी प्रतिवादीहरुलाई सजाय गर्नु पर्नेमा सो तर्फ विचारै नगरी भएको फैसला त्रुटिपूर्ण रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लिएको र धुन्चे बस्ने राजु तितुङ्गले उक्त सुन निज रामशरण रिमालले लिएको सम्बन्धमा प्रष्ट जानकारी भएको भनी आयोग समक्ष निजहरुले दिएको बयानका आधारमा निजहरुको समेत संलग्नता देखिएतापनि अनुसन्धान कार्यमा आफ्नो भएगरेका सम्पूर्ण वस्तुस्थिती खुलाई साथै अनुसन्धान कार्यमा सघाउ पुग्ने तथ्यसमेत उपलब्ध गराई अनुसन्धानमा सहयोग गरेको देखिंदा निजहरु राजु तितुङ्ग, तेम्पा ग्याल्पो घले र बु निमा तामाङ्ग भन्ने निमा तामाङ्ग उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) बमोजिम सजायको मागदावी लिई मुद्दा चलाउन न्यायोचित नहुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम बमोजिम निजहरुको हकमा हाल सजायको मागदावीमा पुर्ण छुट दिई सरकारी साक्षीको रुपमा प्रस्तुत गरिएको, अनुसन्धानको क्रममा खुल्न आएका मिति २०७६/०९/११ गते सुन बोकी आउने भनिएका फुर्वा छोवाङ्ग तामाङ्गले आयोग समक्ष बयानको क्रममा उक्त दिन निज प्रहरी हवल्दार रामशरण रिमालले लिएको सुन मबाटै बरामद गरेको हो भनी आयोग समक्ष बयान समेत दिएको र आयोगलाई अनुसन्धानमा सहयोग गरेको देखिदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ७ को देहाय (क) बमोजिम सजायको मागदावी लिई मुद्दा चलाउन न्यायोचित नहुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम निज फुर्वा छोवाङ्ग तामाङ्गको हकमा समेत हाल सजायको मागदावीमा पुर्ण छुट दिई सरकारी साक्षीको रुपमा प्रस्तुत गरिएको, त्यस्तै अनुसन्धानको क्रममा मिति २०७६।०९।११ गतेका सुनका धनी भनी खुल्न आएका जिल्ला रसुवा, थुमन बस्ने निमा टासी तामाङ्ग तथा प्रहरी हवल्दार रामशरण रिमाललाई फेला परेको सुन लिन खानका लागी रकम व्यवस्थापन लगायत अन्य कार्यमा सहयोगी भूमिका निर्वाह गरेका निजका भाई कृष्णशरण रिमालको हकमा एकिन पहिचान खुल्न नसकी निजहरुलाई हाल सम्पर्क गर्न नसकिएकोले उक्त घटनामा निजहरुको संलग्नताको सम्बन्धमा एकिन प्रमाणबाट पुष्टि भएका बखत थप आरोप-पत्र पेश गर्न सकिने नै भएकोले निज निमा टासी तामाङ्ग र कृष्णशरण रिमालको हकमा अनुसन्धान कार्य जारी राखी हाल कनै मागदावी नलिने निर्णय भएको, अनुसन्धानको क्रममा थुनामा रहेका मिति २०७६।०९।११ गते सुन चेकजाँचगर्दाको अवस्थाका कमाण्डर प्रहरी नायव निरीक्षक भोज बहादुर सेन ओली तथा निजसँग सो दिन चेकजाँचमा खटिने प्रहरी जवानहरु शिव नारायण चौधरी, रामचन्द्र | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बि.क., र सेन्ट्री तारा बहादुर प्रजाको हकमा निजहरुले बयानको क्रममा मिति २०७६/०९/११ गते ना६ख ४९३२ नम्बरको कन्टेनर चेकजाँच गर्दा केही फेला परे नपरेको जानकारी भएन भनी आयोग समक्ष बयान गरेको र निजहरुको उक्त भ्रष्टाचारजन्य कसूरमा संलग्नता रहेको कुनै आधार प्रमाण समेत नदेखिएतापनि उक्त दिन निजहरु समेत संलग्न भई चेकजाँचमा खटिएको र आफ्नो कार्यालयमा भए गरेका काम कारवाहीका सम्बन्धमा कुनैपनि जानकारी छैन भनि गैर जिम्मेवारी प्रकट गरी अनुसन्धानमा समेत सहयोग नगरी एक राष्ट्रसेवक प्रहरी कर्मचारीले बहन गर्नुपर्ने न्यूनतम जिम्मेवारी समेत बहन नगरेको देखिएकोले पछि एकिन प्रमाणबाट निजहरुको समेत कसूरमा संलग्नताको पुष्टि हुने आधार प्रमाण फेला परेमा सोही बखत कानून बमोजिम हुने भएकाले हाल मुद्दा नचलाउने, साथै निजहरुको हकमा कानून बमोजिम जो जे गर्नु पर्ने हो गर्न प्रहरी प्रधान कार्यालय, नक्साल काठमाण्डौलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को खण्ड (ख) बमोजिम लेखी पठाउने निर्णय भै निजहरुलाई प्रहरी प्रधान कार्यालय नक्सालमा पठाईएको व्यहोरा,त्यस्तै अनुसन्धानको क्रममा थुनामा रहेका प्रहरी हवल्दार गोपी बहादुर लो तामाङ्ग, प्रहरी जवानहरु मनोज आले, छेक्यु डोल्मा मोक्तान, रिता चौधरी, युवराज खरेल, भविलाल रुम्वा र कार्यालय सहयोगी हरि बहादुर श्रेष्ठलगायतको कसूरमा संलग्नता रहेको कुनै सबुद प्रमाण नदेखिएको हुँदा निजहरुको हकमा मुद्दा नचलाउने निर्णय अभियोग पत्र पेश गरिएको। | | |